आज मिति २०७९ कार्तिक २१ गते सोमवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को चौथो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

२३. सदस्य बलराम राउत (मनोनीत)

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको तेश्रो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो । चालु आ.व.२०७९/८० को स्वीकृत आयोजना तथा कार्यक्रम प्रथम चौमासिकमा कार्यान्वयन भएको प्रगतिको समिक्षा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयमा तिव्रता दिने ।

२. सामाजिक सुरक्षा ऐन,नियमावली तथा कार्यविधि बमोजिम टोखा नगरपालिका तथा अन्तर्गत कार्यरत अस्थायी,करार तथा ज्यालादारी कर्मचारीहरुलाई सम्वन्धित कर्मचारीको पारिश्रमिकवाट ११ प्रतिशत रकम कट्टागरी सो रकममा कार्मचारीको आधारभूत पारिश्रमिकको २० प्रतिशत थप नगरपालिकाको तर्फवाट गरी जम्मा ३१ प्रतिशत योगदानमा आधारित रकम जम्मा गर्ने गरी नगरसभाको एघारौं अधिवेशनवाट स्वीकृत चालु आ.व.२०७९/८० को क्रमसंख्या १९५ मा विनियोजित रकमवाट खर्च गर्न २०७९ श्रावण देखि लागू हुने गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने ।

३. यस टोखा नगरपालिकावाट दीर्घरोग विरुद्ध मेयर कार्यक्रम संचालनको लागि आवश्यक कार्यविधि निर्माणको सैदान्तिक स्वीकृति दिने ।

४. चालु आ.व.२०७९/८० को स्वीकृत कार्यक्रममा विनियोजित रकमवाट वडा २ स्थित सार्वजनिक जग्गामा हाल कायम रहेको चण्डेश्वरी मा.विको भवन अति जिर्ण रहेकोले सो भवन भत्काई सोहि स्थानमा नयाँ भवन निर्माण गर्न उपभोक्ता समिति मार्फत आवश्यक प्रकृया अगाडि वढाउने ।

५. वडा नं. २ स्थित सार्वजनिक जग्गामा उपभोक्ता समिति मार्फत चण्डेश्वरी खानेपानी आयोजनाको खानेपानी ट्याङ्की निर्माण गर्ने ।

६. वडा नं. १ स्थित सार्वजनिक जग्गामा उपभोक्ता समिति मार्फत वुद्ध मूर्ति स्थापना गर्ने ।

७. टोखा नगरपालिकावाट अनुमति प्रदान गर्ने **घ** वर्गको ईजाजत अनुमति स्थगन भएकोमा अर्को व्यवस्था नहुदाँ सम्म नियमानुसार माग गर्ने कम्पनी/ संस्थाहरुलाई टोखा नगरपालिकामा घ वर्गको ईजाजतपत्र प्रदान गर्ने कार्यविधि वमोजिम घ वर्गको ईजाजत प्रदान गर्ने ।

८. साविक देखिको २.५ आना भन्दा कम क्षेत्रफल भएको किता जग्गामा नियमानुसार भवन निर्माणको लागि नक्सापास अनुमति दिने ।

९. विद्युत पोलहरुमा अव्यवस्थित रहेका विभिन्न केवुलहरुमा तार व्यवस्थापन गर्ने कार्य भै रहेकोमा उक्त तार व्यवस्थापनमाको लागि फिल्डमा खट्ने कामदारहरुलाई २०७९ साउन महिना देखि दैनिक रु १००/- खाजा खर्च प्रदान गर्ने ।

१०. टोखा नगरपालिका भित्र रहेका करतिर्न वाँकी करदाताहरुलाई यथासिघ्र कर तिर्न पत्राचार गर्ने ।

११. मेयर दीर्घायू कार्यक्रम वडा नं. २ को टोखा प्रादेशिक अस्पताल र वडा नं. ११ को सहरी स्वास्थ्य केन्द्रमा संचालनको लागि आवश्यक मेसिर/ उपकरणहरु खरिद गर्ने ।

१२.टोखा नगरपालिका भित्र ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रमा गरिने निर्माण कार्य सञ्चालनको लागि निर्माण सामाग्रीको हालको दररेट प्रचलित वजार दर भन्दा अत्यन्त न्यून रहेकोले पुरातत्व विभागको स्वीकृत दररेटवाट गर्ने ।